# धोबीनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लंगडी, पर्सा
मधेश प्रदेश, नेपाल
२०७३

मितिः-२०८३/०१/२६

## सार्वजनिक सूचना

**सरकारी/ऐलानी जग्गामा रहेका रुख कटान, अतिक्रमण तथा क्षति पुऱ्याउने कार्य तत्काल रोक्ने सम्बन्धी सुचना ।**

यस धोबिनी गाउँपालिका क्षेत्रमा रहेका सरकारी, सार्वजनिक तथा ऐलानी जग्गा खाली गर्ने नेपाल सरकारको निर्णय कार्यान्वयनको क्रममा केही व्यक्तिहरूले आफ्नो घर वरपरका सरकारी/ऐलानी जग्गामा रहेका रुखहरू अवैध रूपमा काट्ने, हटाउने तथा क्षति पुऱ्याउने कार्य भइरहेको भन्ने सूचना प्राप्त भएको छ ।

**यस सम्बन्धमा सम्पूर्ण सर्वसाधारणलाई देहाय बमोजिम जानकारी गराइन्छः**

**1.** सरकारी, सार्वजनिक तथा ऐलानी जग्गामा रहेका रुख, बिरुवा, वनस्पति, संरचना वा प्राकृतिक सम्पत्ति कुनै पनि व्यक्तिले सम्बन्धित निकायको स्वीकृति बिना काट्न, हटाउन, कब्जा गर्न वा क्षति पुऱ्याउन पाइने छैन।

**2.** वन ऐन, २०७६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मुलुकी अपराध संहिता, २०७४ तथा प्रचलित अन्य कानुन बमोजिम सरकारी सम्पत्तिमा हानी नोक्सानी पुऱ्याउने, रुख कटान गर्ने, अतिक्रमण गर्ने वा प्राकृतिक स्रोतको दुरुपयोग गर्ने कार्य दण्डनीय कसुर मानिनेछ।

**3.** सरकारी वा ऐलानी जग्गामा रहेका रुख कटान गर्नुपर्ने कुनै विशेष अवस्था भएमा सम्बन्धित वन कार्यालय तथा स्थानीय तहबाट कानुनी प्रक्रिया पूरा गरी पूर्वस्वीकृति लिनुपर्नेछ।

**4.** कसैले अवैध रूपमा रुख कटान गरेको, सरकारी जग्गा कब्जा गरेको वा क्षति पुऱ्याएको पाइएमा सम्बन्धित व्यक्तिउपर कानुन बमोजिम जरिवाना, क्षतिपूर्ति असुल तथा फौजदारी कारबाही समेत अगाडि बढाइने व्यहोरा जानकारी गराइन्छ।

**5.** सरकारी तथा सार्वजनिक सम्पत्ति संरक्षण गर्नु सबै नागरिकको साझा दायित्व भएकाले यस्ता गतिविधि देखिएमा तत्काल यस कार्यालय, वडा कार्यालय वा सुरक्षा निकायमा जानकारी गराइदिनुहुन अनुरोध छ।

**अतः** सरकारी/ऐलानी जग्गामा रहेका रुख तथा सम्पत्तिमा कुनै पनि प्रकारको क्षति नपुऱ्याउन, अवैध कटान नगर्ने तथा कानुनको पूर्ण पालना गर्ने सम्बन्धित सबैमा यो सार्वजनिक सूचना मार्फत जानकारी गराइन्छ।

**आदेशानुसार**
प्रमुख प्रशासकीय अधिकृत
धोबिनी गाउँपालिका